# कृषक समुह गठन तथा परिचालन सम्वन्धि निर्देशिका, २०७६

*अर्जुनचौपारी गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७६ ⁄ ०६ ⁄ २७ गते*

परम्परागत कृषि प्रणालिलाई विकसित गरी बैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, व्यवसायिकरण मार्फत औद्योगिकरणको निमित्त कृषकलाई नयाँ प्रविधि तर्फ आकर्षित गर्न, उत्प्रेरित गर्न, सोको अभ्यास गराउदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्धेश्य अनुरुप कृषि प्रविधिलाई सरल र सहजरुपमा कृषकमाझ पुऱ्याउन कृषकहरुको व्यक्ति तथा संस्थागत विकासका लागि कृषक समुह गठन गर्न आवश्यक भएकोले अर्जुनचौपारी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धमा व्यवसाय गर्न बनेको ऐन, २०७४ को दफा ३६ बमोजिम कृषक समुह गठन, परिचालन र नियमन गर्न, "कृषक समुह गठन तथा परिचालन सम्वन्धि निर्देशिका, २०७५" तयार गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधि नाम "कृषक समुह गठन तथा परिचालन सम्वन्धि निर्देशिका, २०७६" हुनेछ ।

२) यो कार्यविधि अर्जुनचौपारी गाउँकार्यपालिकाले गर्दाको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१) कृषक : कृषक पहिचान तथा बर्गिकरण कार्यविधि अनुसार वडा कार्यालयमा सूचिकृत भएको व्यक्ति सम्झनुपर्दछ ।

२) "कृषक समुह" भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्धेश्यका लागि गठन भएको ५ वा सो भन्दा बढी २५ जना सम्मको कृषकहरुको समुहलाई बुझाउनेछ ।

३) "कृषि" भन्नाले अर्जुनचौपारी गाउँपालिका कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा २ (छ) बमोजिमका कार्यहरुलाई जनाउनेछ ।

४) "समुह विधान" भन्नाले समुहको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप सञ्चालन गर्न बनाईएको नीति नियम तथा कानूनको दस्तावेज जसले समुह र सदस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने दस्तावेजलाई जनाउँदछ ।

५) "हित कोष" भन्नाले कुनै पनि संघ संस्था, कार्यालय, योजना, परियोजना सञ्चालन गर्न नगद, जिन्सी तथा भौतिक सरसामान नगद मौज्दात, ऋण लगानी, लगानीको रुपमा रहेको समुहको नगद पूँजीलाई जनाउँदछ ।

६) "हित कोष परिचालन" भन्नाले संकलित हितकोषलाई उत्पादनमूलक कार्यमा गरिएको लगानीलाई जनाउँदछ ।

७) "कार्य समिति" भन्नाले निर्देशिका अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउँदछ ।

८) "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय अर्जुनचौपारीलाई जनाउनेछ ।

९) "शाखा" भन्नाले अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अर्जुनचौपारीको कृषि विकास शाखा र पशुपन्धी विकास शाखालाई जनाउनेछ ।

१०) "अध्यक्ष" भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समुहको अध्यक्षलाई जनाउनेछ ।

११) "उपाध्यक्ष" भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समुहको उपाध्यक्षलाई जनाउनेछ।
१२) "सचिव" भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समुहको सचिवलाई जनाउनेछ।
१३) "सदस्य" भन्नाले यसै निर्देशिका बमोजिम कृषक समुहको सदस्यलाई जनाउनेछ।
१४) "कार्यालय प्रमुख" भन्नाले अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ।
१५) "शाखा प्रमुख" भन्नाले अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय अर्जुनचौपारीको सम्वन्धित कृषि वा पशु सेवा शाखालाई बुझाउनेछ।
१६) "बैठक" भन्नाले कृषक समुहको बस्ने बैठकलाई बुझाउनेछ।

## परिच्छेद २

### ३. कृषक समुह गठनको उद्धेश्य :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अर्जुनचौपारी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ ले तोके बमोजिमका विभिन्न कृषि सम्वन्धि कार्यहरुको सम्पादनका लागि कृषकहरुका माझ गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन, कृषकहरुको कृषि सम्वन्धि निर्णय क्षमता र नेतृत्व विकास गर्न, कृषक बचत मार्फत सामुदायिक बचत र सामुदायिक पूँजीको विकास लगायतका कार्यहरु मार्फत कृषिको व्यवसायिकरणका निमित्त सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरुमा सेवा प्रवाहका लागि कृषक सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समुह गठन गर्नु आवश्यक रहेकोछ। यस निर्देशिका बमोजिम गठन हुने समुहको उद्धेश्य तथा कार्यहरु निम्न अनुसार छन :

१) समुह सदस्यहरुको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउँदो पशुपालन तथा कृषि वालीनालीहरुमा व्यवसायिकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउदै उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।
२) समुहमा उन्नत बीउ विजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने।
३) खेतीयोग्य जमिनमा सिंचाईको व्यवस्था गर्ने।
४) प्राङ्गरिक उत्पादनमा जोड दिने।
५) कृषि सामाग्री तथा कृषि उपजहरुको बजारीकरण कार्यहरु गर्ने।
६) कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एवं पशु प्रजननका कार्यहरु, पशु आहारा, पशु स्वास्थ्य र पशु पशुपन्छी बजारीकरणका पशु सेवा प्रविधिको प्रचार प्रसारका कार्यहरु गर्ने।
७) गोठ तथा भकारो सुधार गर्ने।
८) मौरी पालन तथा च्याउ खेती गर्ने।
९) बेमौसमी तथा मौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्ने।
१०) नयाँ प्रविधि तथा वनस्पतीको परिक्षण गर्ने।
११) सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरुसँगको साझेदारी र सहकार्यमा कृषि विकास सम्वन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।
१२) जैविक विविधताको संरक्षण, सम्वर्द्धन र विकास गर्ने।
१३) कृषि वन वातावरण संरक्षण सम्वर्द्धन र विकासका सवै कार्यक्रमहरु सञ्चालन गर्ने।
१४) मासिक बचत र परिचालन गर्ने।
१५) समुहले तोके बमोजिमका कृषि विकास सम्वन्धि अन्य विविध कार्यहरु गर्ने।

## परिच्छेद-३

४. **कृषक समुह गठनका आधारहरु, सदस्यहरुको छनौट र समुहको वर्गिकरण**

१) **समुह गठनका आधारहरु** : अर्जुनचौपारी गाउँपालिका अन्तर्गत कृषि/पशु क्षेत्र हेर्ने शाखाले समुह गठन गर्दा देहायका बुँदामा ध्यान दिनु पर्नेछ ।

क. कृषकहरुको आवश्यकता र स्थान विशेषको कृषि उत्पादन/पशु पालनको सम्भाव्यता

ख. सेवा पुऱ्याउनु पर्ने घरधुरी संख्या र कृषक संख्या

ग. कृषकहरुले आर्थिक, सामाजिक स्थिति र श्रोत साधनको अवस्था

घ. कृषक समुहमा विभिन्न वर्गका कृषकहरुको प्रतिनिधित्वको सुनिश्चतता

ङ. समुहमा आवद्ध गराउन वास्तविक कृषकहरुको सुनिश्चतता र छनौट

२. **कृषक समुह गठनका लागि सदस्यहरुको छनौट गर्दा ध्यान दिनुपर्ने बुँदाहरु : समुह** गठनको प्रारम्भिक अवस्थामा वास्तविक कृषकहरुको छनौटमा त्रुटी भएमा समुह अघि बढ्न नसक्ने भएको हुनाले सदस्यहरुको चयन गर्दा देहायका कुराहरुमा ध्यान दिनु पर्दछ ।

क. साझा कार्य उद्देश्य लिएका

ख. समान सामाजिक एवं आर्थिक स्तर भएका

ग. सकभर साक्षर एवं शिक्षित कृषकहरु भएका र शैक्षिकस्तरमा समानता भएका

घ. समुहगत कार्यमा समय दिन सक्ने

ङ. उत्पादन समुहको हकमा सकेसम्म सँगैसँगै खेत भएका

च. एउटै समुदायमा बसोबास गर्ने

छ. एकाघरको एक जना भन्दा बढी सदस्य एउटै समुहमा सदस्यता लिन सक्ने छैनन्

ज. कुनै एक समुहमा आवद्ध भईसकेको सदस्य अर्को त्यस्तै प्रकृतिको समुहमा आवद्ध हुन सक्नेछैन

झ. कृषि पेशालाई मुख्य पेशाको रुपमा अँगालेको हुनुपर्ने

३) **समुहको वर्गिकरण** : समुहका सदस्यहरुले लैङ्गिक सहभागिता, समुहले निश्चित गरेको क्षेत्रगत आधारमा साथै मूल्य श्रृंखलाको आधारमा कृषक समुहलाई विभिन्न समुहहरुमा बर्गिकरण गर्न सकिन्छ ।

**क) लैङ्गिक सहभागिताको आधारमा**

१. महिला कृषक समुह

२. पुरुष कृषक समुह

३. मिश्रित कृषक समुह

**ख) क्षेत्रगत आधारमा**

१. पशु पालन समुह (पशु जात अनुसारका पशु पालन समुह)

२. बाली समुह

३. बागवानी समुह

४. वीज बृद्धि समुह

५. माहुरी पालन समुह

६. रेशम खेती समुह

७. कृषि बजार व्यवस्थापन समुह

८. आई.पि.एम. कृषक समुह आदि

९. घाँस उत्पादन समुह

१०. मत्स्य उत्पादन समुह

११. च्याउ उत्पादन समुह

ग) **मूल्य श्रृंखलाको आधारमा**

१. कृषि सामाग्री उत्पादन समुह (विउ उत्पादक, प्राङ्गारिक मल उत्पादन आदि)

२. उत्पादन समुह

३. प्रशोधन समुह

४. बजारीकरण समुह, आदि

परिच्छेद-४

५. **समुह गठन प्रकृया, कार्य समितिको संरचना र पदाधिकारीको जिम्मेवारी**

**१) समुह गठन प्रकृया :**

**क) प्रारम्भिक कृषक भेला :**

- इच्छुक कृषकहरुको भेला तथा अभिमुखिकरण कार्यक्रम आयोजना गर्ने ।
- सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्न सकिने ।
- कृषक भेलामा छलफलको एजेण्डा, मिति, समय तथा स्थान तय गर्ने ।
- कृषक भेला सञ्चालनका लागि कृषकहरु मध्ये एक जनाले जिम्मेवारी लिई नेतृत्व गर्ने ।
- कृषक भेलाको उद्देश्य र आवश्यकता (समुह गठनको उद्देश्य र आवश्यकता) बारे जानकारी दिने ।

**ख) छलफल सञ्चालन :**

- कृषक भेलाको उद्देश्य र आवश्यकता (समुह गठनको उद्देश्य र आवश्यकता) विस्तृत रुपमा प्रष्ट पार्ने ।
- कृषक भेलाका एजेण्डाहरुमा क्रमशः छलफल गर्दै बुँदा टिपोट गरी निर्णय पुस्तिका तयार गर्ने
- समुह सदस्य बन्न इच्छुक व्यक्तिहरु छनौट गरी नामावली तयार गर्ने ।
- उक्त भेलाले तदर्थ समिति गठन र कार्य विभाजन गर्ने ।

**ग) तदर्थ समितिको बैठक सञ्चालन :**

- बैठकका विषयवस्तुहरु तय गरी तदर्थ समितिका सदस्यहरुलाई जानकारी दिने ।
- सम्वन्धित निकायहरुलाई निमन्त्रणा गर्ने ।
- आवश्यक कागजात तयारी गर्ने ।
- समुहको विधानको खाका तयार पार्ने ।
- समुह हितकोष सम्वन्धि निर्णय गर्ने ।
- समुहको उद्धेश्य र कार्यक्रम तर्जुमा गर्ने ।
- सम्वन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी दिने ।
- तदर्थ समिति गठन भएको एक महिना भित्र प्रारम्भिक साधारण सभाको आयोजना गर्ने ।

**घ) प्रारम्भिक साधारण सभाको सञ्चालन र जिम्मेवारी**

- ७ सदस्यीय कार्य समितिको गठन गर्ने
- समुहको बार्षिक कार्य योजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने
- विधान मस्यौदा माथि छलफल एवं स्वीकृत गर्ने
- बैंक खाता सञ्चालन सम्वन्धि निर्णय गर्ने

➢ आवश्यक अनुसार निर्णयहरु गर्ने

२) **कार्य समितिको संरचना** : कृषक समुहको कार्य समितिमा रहने गरी समावेशी सिद्धान्तको आधारमा देहाय बमोजिमको संरचान रहने छ ।

➢ अध्यक्ष १
➢ उपाध्यक्ष १
➢ सचिव १
➢ कोषाध्यक्ष १
➢ सदस्य ३

मिश्रित कृषक समुहको हकमा कार्य समितिको पदाधिकारी अन्तर्गत अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ पदमा महिला अनिवार्य हुनुपर्नेछ । यस बाहेक समुहले निश्चित व्यक्तिहरुलाई संयोजक तोकेर ऋण उपसमिति, आर्थिक उपसमिति, प्राविधिक उपसमिति, प्रचार प्रसार उपसमिति तथा बजार व्यवस्थापन उपसमिति जस्ता उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ । ऋण उपसमिति कोषाध्यक्षको संयोजकत्वमा गठन गर्नु पर्नेछ । मिश्रित समुहको हकमा कार्य समितिमा कम्तीमा ३५ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ । समुह गठन एवं हितकोष परिचालनको सन्दर्भमा प्रजातान्त्रिक पद्धति अवलम्बन गर्नुपर्नेछ ।

३) **पदाधिकारीको काम, कर्तव्य र अधिकार** : कृषक समुहको कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार विधानको दफा ५ मा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

### ६. समुह विधान

१) **समुह विधान** : समुह विधान कुनै संघ/संस्थाको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप सञ्चालन गर्न बनाईएको नीति, नियम तथा कानूनको दस्तावेजको समुह र सदस्यहरुलाई उद्धेश्य प्राप्तिमा सहज गराउने खालको हुनुपर्नेछ । कृषक समुहले अनुसूची १ अनुसारको विधान बनाउनु पर्नेछ ।

क) **कृषक समुह विधानमा हुनुपर्ने प्रमुख गुणहरु :**

➢ नेपालको संविधान र संघीय, प्रादेशिक र स्थानीय कानूनसँग नबाझिने
➢ नेपालको कृषि नीतिसँग मेल खाने
➢ सफा, स्पष्ट, एक आपसमा नबाझिने, सरल भाषा प्रयोग भएको
➢ प्रजातान्त्रिक ढङ्गले चुनावी प्रकृयाद्धारा पदाधिकारीहरुको निर्वाचन हुने प्रावधान राखिएको
➢ विधान संशोधनको प्रावधान भएको
➢ महिला सहभागितालाई प्रोत्साहन गरिएको
➢ कार्यकारिणी समिति, साधारण सभा तथा साधारण सदस्य बीच शक्ति सन्तुलन भएको

ख) **विधान बनाउने तरिका**

➢ विधान मस्यौदा समिति तयार गर्ने
➢ नमुना विधानको प्रयोग गरेर प्रत्येक दफा-उपदफामा छलफल गरी आफ्नो समुहको उद्देश्य अनुसार मस्यौदा विधान तयार गर्ने
➢ मस्यौदा विधानलाई साधारण सभामा छलफल गरी पारित गर्ने
➢ पारित विधानलाई सम्वन्धित समुहमा दर्ता गराउन पहल गर्ने

ग) **विधान संशोधन प्रकृया :**

- ➢ विधान संशोधन समिति गठन गर्ने
- ➢ संशोधित विधानलाई कार्य समितिमा प्रस्तुत गरी पारित गर्ने
- ➢ साधारण सभाको कम्तिमा निश्चित (विधानमा तोकिए बमोजिम) बहुमतद्धारा पारित गर्ने
- ➢ संशोधन विधानलाई पहिले दर्ता गरिएको कार्यालयमा पेश गर्ने
- ➢ सम्वन्धित कार्यालयले संशोधन विधानलाई स्वीकृत गरेपछि मात्र विधान संशोधन भएको मानिनेछ ।

## परिच्छेद ६

## ७. कृषक समुह दर्ता, पुनर्गठन तथा नविकरण

१) **समुहमा कृषक संख्या :** खेतीयोग्य जग्गाको एउटै ब्लक बनाउने सकिने गरी जग्गाको भोगचलनकर्ताहरु वा एकै उद्धेश्यका लागि कृषि वा पशु पालन गरी आएका वा गर्ने ९-१३ सम्मका कृषहरु स्वःस्फूर्त रुपमा आफै वा कार्यालयको प्राविधिक कर्मचारीको सहयोगमा १ घरधुरी एक मात्र सदस्य रहने गरी कृषक समुह गठन गर्न सक्ने छन । तर कुनै विशेष प्रयोजनका लागि ९ जना सदस्य पुऱ्याउन नसकिने अवस्थामा कम्तिमा ५जना कृषक मात्र भए पनि समुह गठन गर्न सकिनेछ ।

२) **कार्यालयबाट सहजिकरण :** उन्नत कृषि प्रणाली अपनाउनका लागि समुह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागि हुन कृषकहरुबाट अनुरोध भएमा सम्वन्धि प्राविधिकले कृषक समुह गठन तथा परिचालन कार्यमा सहजिकरण गर्नेछन ।

३) **स्टेशनरी सहयोग :** समुह गठन गर्नका लागि कार्यालयले समुह बैठकका लागि रजिष्टर, कलम, फाईलहरु लगायत केही स्टेशनरी खर्चका लागि गाउँपालिकाको बजेट उपलब्ध भएसम्म सहयोग गर्न सक्नेछ ।

४) **समुह दर्ताको लागि निबेदन दिनुपर्ने :** समुहबाट तयार गरिएको विधानको सबै पानामा समुहका सबै सदस्यहरुबाट प्रमाणित गरी सम्वन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची २ बमोजिमको निवेदन दिनु पर्नेछ । यस अधि जिल्ला कृषि विकास कार्यालय वा अन्य कुनै संघसंस्थाहरुमा दर्ता भएको समुहको हकमा पुराना प्रमाणपत्रहरु तथा प्रगति देखिने अन्य कागजातहरु समेत संलग्न राख्नु पर्नेछ ।

५) **समुहको आफ्नो विधान र छाप हुनु पर्ने :** समुहको विधानको साथमा समुह बैठकको निर्णय, समुह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनुसूची ३ बमोजिमको सदस्य कृषकहरुको विवरण संलग्न राख्नु पर्नेछ । समुहको आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट अनुसूची ३ बमोजिम रहने गरी प्राप्त गर्न सक्ने छन । उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्धेश्य अनुकूल परिमार्जन गर्न सकिनेछ । समुहको छाप आफ्नै हुनु पर्नेछ ।

६) **सर्वसहमति र सहमति समुह निर्णयको आधार :** समुह गठन गर्दा समुहमा रहने विभिन्न पदाधिकारीहरु चयन गरिने छन । यसरी गरिने निर्वाचनमा समुहको अनुरोधमा गाउँपालिकाबाट सहजिकरण हुन सक्नेछ ।

७) **कृषि समुह दर्ता गर्न :** उपरोक्त बमोजिम दर्ता हुन आएको निवेदन उपर कार्यालयको प्राप्त निवेदन उपर आवश्यक प्रकृया पुरा गरी रु १०० राजश्व लिई समुह दर्ता गरी समहु दर्ता प्रमाणपत्र प्रदान गरिनेछ ।

८) **समुह दर्ता प्रमाण पत्र** : कार्यालयको निर्णय अनुसार दर्ता गरिने समुहलाई अनुसूची ४ बमोजिम दर्ता प्रमाण पत्र दिईनेछ । समुह दर्ता प्रमाण पत्र प्राप्त गरे पछि कार्यालयमा सोको अभिलेखीकरण भएको मानिने छ । समुह दर्ता भए पछि यस्ता समुहहरु गाउँपालिकाबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहकार्य गर्नेछन ।

९) **कृषक समुह नविकरण** : समुह गठन र दर्ता उपरान्त प्रत्येक आर्थिक बर्षको आश्विन मसान्त भित्रमा समुह नविकरण गर्नु पर्ने छ । सोको लागि तोकिएको म्यादभित्र कार्यालयमा निवेदन दिनुपर्नेछ, सोको लागि रु ५० राजश्व लिई नवीकरण गर्नुपर्नेछ । म्यादभित्र नवीकरण नगरेको खण्डमा रु १०० जरिवाना तिरी नवीकरण गर्नुपर्नेछ ।

१०) **कृषक समुह पुनःगठन गर्ने** : विधानमा उल्लेख भए बमोजिम कृषक समुहले आफ्नो आवश्यकताको आधारमा समुह पुनःगठन गर्न सक्नेछ । साथै कृषक समुहको साधारण सभा बर्षको एकपटक भ्राद मसान्त सम्ममा गर्नु पर्नेछ । कृषक समुहले आफ्नो समुहको साधारण सभा/पुनःगठन गरी सम्वन्धित शाखालाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद ७

८. कृषक समुह परिचालन

१) **मासिक बैठक बस्नु पर्ने** : समुह गठन पश्चात कृषकहरु आफ्ना कृषि कार्यक्रम बारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समुह बैठक अनिवार्य रुपमा बस्नु पर्नेछ । समुहको आवश्यकता अनुसार जुनसुकै बेला पनि समुहको बैठक बस्न सक्नेछ ।

२) **समुह बचत र परिचालन** : बैठको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत समेत जम्मा गर्ने छन् । समुह बचत कोषबाट कृषि प्रयोजनका लागि तोकिए बमोजिमको ब्याजदरमा सदस्यहरुले ऋण लिन पाउने छन् ।

३) **समुहको बैंक खाता सञ्चालन** : नजिकको बैंकमा समुहको खाता खोलिनेछ जसमा कोषाध्यक्षको अनिवार्य सहित समुहको निर्णय अनुसार कम्तीमा अन्य १जना सदस्य समेतको सयुक्त दस्तखतमा खाता सञ्चालन हुनेछ ।

४) **बाली पात्रो /कार्ययोजना तयार गर्ने** : समुहमा सदस्यहरुले प्राविधिक सहयोगमा बालि पात्रो एवं पशुपालनका लागि आवधिक (मासिक/चौमासिक/बार्षिक) कार्ययोजना तयार गर्नेछन । तयार भएको कार्य योजना अनुसार समुह सदस्यहरुले बाली तथा पशुपन्छी उत्पादन र बजारीकरणका कार्य योजनाहरु अवलम्वन गर्नेछन ।

५) **समुहको निर्णय समुह पद्धतिमा गरिनु पर्ने** : समुहमा आई पर्ने प्राविधिक समस्याहरु सम्वन्धित प्राविधिकको सहयोगमा निवारण गर्नेछ्न । समुहमा आईपर्ने अन्य समस्याहरु समुहको निर्णय अनुसार समाधान गरिनुपर्नेछ । सो हुन नसकेमा प्रचलित व्यवस्था अनुसार हुनेछ । समुहको अनुरोधमा कार्यालयबाट सोको सहजिकरण गर्न सकिनेछ ।

६) **समुहको रेकर्ड** : समुहको एक फायल कृषि तथा पशु सेवा शाखामा रहनेछ । जसमा समुहको निर्णय, विभिन्न कार्यक्रमहरुमा सहभागी भएको रेकर्डहरु, समुहको बैंक खाताको स्टेटमेन्ट आदि रहने छन । समुहले पनि आफ्नो कृयाकलापको रेकर्ड अद्यावधिक गरी राख्नु पर्नेछ ।

७) **खेती खर्चको विवरण राख्नु पर्नेछ** : समुहका प्रत्येक सदस्यहरुले आफुले लगाएको वाली तथा पशुपालन कार्यको उत्पादन, भण्डार, ढुवानी, बजारीकरण लगायत सवै कार्यहरुको लागत खर्च र बिक्रिबाट भएको आम्दानीको अभिलेख राख्नु पर्नेछ । अध्ययन लगायतका प्रयोजनका लागि गाउँपालिकाबाट माग भएको अवस्थामा उपलव्ध गराउनु पर्नेछ ।

८) **प्रगति प्रतिवेदन र समिक्षा** : समुहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धी र प्रगतिहरु, परि आएका समस्याहरु, समस्या समाधानका लागि

गरिएका प्रयासहरु र सोको प्रतिफल, वालीनालीको अवस्था, वालीनाली लगाउँदा भएको खर्च र वाली कटानी उपरान्त बिक्री गरी भएको आम्दानी आदि कार्यहरुको चौमासिक समिक्षा गर्नुपर्नेछ ।

९) **समुहमा मेलमिलाप हुनुपर्ने** : समुहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्नेछ । यस समुहका बैठकहरुमा समुहका सदस्यहरुको निजी बैयक्तिक विषयहरु उपर छलफल गर्दा उपयुक्त हुन्छ भन्ने समुहलाई लागेमा यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सदभाव, सहकार्य, साझेदारिता बृद्धिमा योगदान गर्न सक्ने छन ।

१०) **कृषि उत्पादन सामाग्री तथा कृषि उपज सामाग्रीहरुको बजार व्यवस्थापन** : समुहले कृषि उत्पादन सामाग्रीहरुको व्यवस्थापनको लागि प्रचलित कानून बमोजिम अनुमति लिई विउ विजन, रासायनिक तथा प्राङ्गरिक मल, सिंचाईका सामाग्रीहरु, कृषि मेसीनरी लगायतका कृषि उपज सामाग्रीहरुको व्यवस्थापन र व्यापारिक कारोबार गर्न सक्ने छन । त्यसै गरी आफ्नो समुह भित्र वा बाहिरका कृषकहरुले उत्पादन गरेका कृषि उपज सामाग्रीहरुको प्रशोधन र बजारीकरणका कार्यहरु समेत गर्न सक्ने छन ।

११) **गाउँपालिकाको कार्यक्रममा सरिक हुनुपर्ने** : कृषक समुहले गाउँपालिकाबाट सञ्चालन हुने कुनै पनि किसिमका कृषि वा गैर कृषि कार्यक्रमहरुलाई सफल पार्न यथाशक्य सहयोग गर्नुपर्नेछ ।

१२) **अन्तर समुह समन्वय समिति** : विभिन्न समुहबाट प्रतिनिधित्व गरी अन्तर समुह समन्वय समितिको गठन गर्न सकिनेछ । समुह पद्धतिलाई विकशित गर्दै संस्थागत अभ्यास सुदृढ गर्नका लागि सवै समुहहरुबाट एक एक प्रतिनिधिहरु रहने गरी वडागत रुपमा अन्तर समुह समन्वय समितिको गठन हुनेछ। यसको कार्यविधि तोके बमोजिम हुनेछ ।

१३) **गाउँपालिका स्तरीय कृषक सञ्जाल** : गाउँपालिकामा रहेका सवै कृषकहरुको संजालका रुपमा गाउँपालिका भित्रका सवै कृषक समुहहरुका प्रतिनिधि मूलक संस्थाका रुपमा एक गाउँपालिकास्तरीय कृषक सञ्जाल गठन गर्न सकिनेछ। यसको सञ्चालन कार्यविधि तोके बमोजिम हुनेछ ।

१४) **कृषि सहकारीमा परिणत हुने** : कृषक समुह गठन पश्चात समुहगत अभ्यासहरुको अनुभवको आधारमा सहकारीतामा परिणत हुन सक्नेछ। ~~त्यस्तो अवस्थामा साविक कृषक समुहले गरेका सबै कार्यहरु सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ~~।

१५) **अन्य लाई पनि ज्ञान बुझाउनु पर्ने** : समुह गठन र कृषि प्रविधि अभ्यासको क्रम्मा पाएको र आफुमा भएको ज्ञान सो सम्वन्धि अभिरुची राख्ने अन्यलाई पनि बुझाउनु पर्नेछ । समुहले कृषि प्राविधिक र अन्य कृषकहरुको बीचमा सहजिकरणको कार्य पनि गर्न सक्नेछन ।

१६) **समुहमा अन्य सामाजिक विषयहरुको सन्दर्भ** : सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समुह सदस्यहरु नेतृत्व विकास, उन्नत खेती प्रणालिको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धनका अन्य कार्यहरुमा पनि अभिरुची लिईनेछन र समुह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन ।

१७) **टोल विकास संस्थाले कृषक समुह परिचालन गर्न सकने** : गाउँपालिकाबाट गठन भएका र गठन हुने टोल विकास संस्थाहरु गाउँपालिबाट तोकिए बमोजिम समुह दर्ता गरी कृषक समुहका रुपमा पनि कार्य गर्न सक्नेछन तर टोल विकास संस्थामा २५ जना भन्दा बढी घरधुरी भएको अवस्थामा टोल विकास संस्थाको सहजिकरणमा रहने गरी २५/२५ जनाको समुह गठन हुन सक्नेछ ।

१८) **समुह बाहेक पनि कृषि विकास कार्यक्रमहरु गर्न सकिने** : गाउँपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समुह, कृषि सहकारी संस्थाहरु, कृषिमा आधारित गैर सरकारी संस्थाहरु, गाउँ तथा टोल समितिहरु, निजि व्यवसायिहरु, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवाल संस्था तथा निकायहरु सँग सहकार्यमा सञ्चालन गर्न सकिनेछ ।

१९) **गाउँ क्षेत्र भित्र कृयाशिल सहकारी संस्थाहरुले कृषि तथा पशु विकास** सँग सम्वन्धी समुह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समुहलाई यस निर्देशिका प्रयोजनका लागि यसै निर्देशिका बमोजिम गठित समुह मानिनेछ ।

## परिच्छेद -८

९. **कृषक समुहको नियम र पारदर्शिता**

१) **बार्षिक लेखा परिक्षण र सार्वजनिक सुनुवाई** : समुहले बार्षिक रुपमा नियमानुसार लेखापरीक्षण गराउनु पर्नेछ । लेखापरीक्षण प्रतिवेदनको १ प्रति सेवा केन्द्रमा समेत उपलब्ध गराउनु पर्नेछ । त्यस्तै बर्षको एक पटक सार्वजनिक सुनुवाई पनि सञ्चालन गर्नु पर्नेछ ।

२) **बार्षिक साधारण सभा** : समुह गठन भई दर्ता भएको एक बर्ष भित्र र प्रत्येक बर्षमा समुहले साधारण सभाको आयोजना गर्नु पर्नेछ । साधारण सभामा बार्षिक कार्यक्रमहरुको प्रगति समिक्षा, बार्षिक आय व्ययको विवरण, आउँदो बर्षको कार्यक्रमको तर्जुमा लगायत नियमानुसार सम्पादन गर्नु पर्ने कार्यहरु समेत पारित गर्नु पर्नेछ । यसको १ प्रति प्रतिवेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

३) **अधिवेशन र विषेश अधिवेशन** : समुहको सर्वोच्च अङ्ग समुहको अधिवेशन हुनेछ । अधिवेशन गर्ने अवधि समुहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा समुहले विशेष अधिवेशनको व्यवस्था समेत गर्न सक्नेछ ।

४) **अन्य संघ संस्थाहरुसँगको समन्वय** : समुहले अनुमति लिई कुनै अन्य संघ संस्थासँगको सहकार्यमा कृषि प्रविधि अनुन्धान तथा विकास सम्वन्धि कार्यहरु सञ्चालन गर्न सक्नेछन ।

५) **समुहको अनुगमन** : यस गाउँपालिकाको अनुगमन व्यवस्था बमोजिम गाउँपालिकाबाट एवं गाउँपालिकासँगको समन्वयमा नेपाल सरकारका सवै निकायहरुले कृषक समुहका कृयाकलाप एवं समुहका कागजातहरुको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन । प्राप्त पृष्ठपोषणहरु उपर समुह बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद-९

१०. **विविध**

१) **समुह निष्कृयको अवस्था** : लगातार ३ महिना सम्म मासिक बैठक नबसेमा, समुहले कृषि प्रचार कार्यमा अभिरुची नराखेमा, अन्य विभिन्न कारणहरुले समुह निष्कृय भएको गुनासो प्रमाणित भएमा समुह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको लागि उक्त समुहसँग साझेदारी गर्न सकिने छैन ।

२) **समुह विघटन हुन सक्ने** : पटक पटक समुहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दुरुपयोग गरेमा, समुह निष्कृय भएमा, समुहको निर्णय अनुसार समुह विघटन गरिएमा, प्रचलित नियम विपरितका कार्यहरु गरेमा स्थानीय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समुह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ । तर समुहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समुहको अभिलेखको आधारमा साँवा व्याज वितरण गरिनेछ । बाँकी जिन्सी गा.पा. को सम्पति हुनेछ ।

३) **संशोधन** : आवश्यकता र औचित्यताको आधारमा गाउँकार्यपालिकाले निर्णय अनुसार यो कार्यविधि संशोधन गर्न सकिनेछ ।

४) **खारेजी** : यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानून बमोजिम बाँझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छन ।

अनुसूची २

**(निर्देशिकाको दफा ७ (४) बमोजिम समूह गठनका लागि कार्यालयमा दिइने निवेदन)**

मिति :

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**अर्जुनचौपारी गाउँपालिका,**
**गाउँकार्यपालिकाको कार्यालय, अर्जुनचौपारी, स्याङ्जा ।**

**विषय : समुह दर्ता गरी पाउँ ।**

समुह गठन गरी सामुहिक प्रक्रियाद्धारा कृषि विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठीत भई समुह गठन गरेका छौ । समुह गठन र परिचालन बारेमा अर्जुनचौपारी गाउँपालिकाको नियमावली/मार्गदर्शन/कार्यविधि र प्रचलित कानून अनुसार कार्य गर्ने छौ । समुह दर्ता गरी पाउँ ।

संलग्न कागजातहरु :

१. समुहको पहिलो बैठकको निर्णय प्रतिलिपि पाना
२. समुहको विधान पाना
३. अनुसूची ३ अनुसारको समुह सदस्यहरुको विवरण पाना
४. अन्य केही भए सोको विवरण :

| | |
|---|---|
| सम्वन्धित वडा कार्यालयको सिफारिस : समुहको निवेदन अनुसार निम्न समुहलाई अर्जुनचौपारी गाउँपालिकामा दर्ता गर्न सिफारिस गरिन्छ ।<br>सिफारिस गर्नेको नाम :<br>पद :<br>दस्तखत :<br>मिति :<br>वडा कार्यालयको छाप | निवेदक :<br>समुहको नाम :<br>ठेगाना :<br>समुह अध्यक्षको नाम :<br>सम्पर्क फोन नं. :<br>समुहको छाप :<br>मिति |

[illegible]चौधरी गाउँपालिका कृषक समूह गठन तथा परिचालन निर्देशिका, २०७६

अनुसूची -३

निर्देशिकाको दफा ७ (५) सँग सम्वन्धित

# कृषक समुहका सदस्यहरुको बैयक्तिक विवरण

## अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, स्याङ्जा

कृषक समुहको नाम : समुह गठन मिति :

कृषक समुह स्थित ठेगाना : अर्जुनचौपारी गाउँपालिका वडा नं. ..... टोल : ............................

समुहमा सदस्य संख्या जम्मा : .........

महिला : ..........

पुरुष : ...........

गठित समुहको किसिम : बहुउद्धेश्यीय/एकल उद्देश्यीय एकल उद्देश्यीय भए :

मासिक बचत प्रति सदस्य प्रति महिना रु :......................

समुह सदस्यको विवरण : ...............................

| क.स | सदस्यको नाम | समुहमा पद/जिम्मेवारी | सम्पर्क मोबाई नं. | ठेगाना | | लिङ्ग ( महिला/ पुरुष) | उमेर बर्ष | कृषक सूचिकृत नं. | हालको व्यवसाय | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं. | टोल | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नोट : समुहका सवै सदस्यहरुबाट प्रमाणित गरी पेश गर्नु पर्ने

अनुसूची ४
निर्देशिकाको दफा ७ (८) सँगा सम्वन्धित
अर्जुनचौपारी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

कृषि विकास शाखा
अर्जुनचौपारी स्याङ्जा
गण्डकी प्रदेश

दर्ता नं.                                                                                    मिति :

## कृषक समुह दर्ता प्रमाण पत्र

कृषि उत्पादन कार्यलाई टेवा पुऱ्याउने उद्धेश्यले मिति ........................... मा गठन भएको अर्जुनचौपारी गाउँपालिकाको वडा नं. ....... स्थित श्री ........................................................................................ समुह गठन अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र दिईएको छ ।

..................................
प्रमुख प्रशासकीय अधिकृत

अर्जुनचौपारी गाउँपालिका कृषक समूह गठन तथा परिचालन निर्देशिका, २०७८

| समुह नवीकरणको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नवीकरण | | नवीकरण शुल्क | | | | फाँटवाला | प्रमाणित गर्ने |
| मिति | मान्य रहने अवधि | दस्तुर रु | जरिवाना रु | जम्मा रु | रसिद नं. | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नोट :

१.यो प्रमाणपत्र समुहको कार्यालयमा सबैले देखिने गरी राख्नु पर्नेछ ।

२. प्रत्येक आ.व.को समाप्ति पछिको आश्विन महिना भित्र निशुल्क नवीकरण गरी सक्नु पर्नेछ ।

३. तोकिएको समय भित्र नवीकरण नगराएमा रु १०० जरिवाना लिई नवीकरण गर्न सकिनेछ ।

४. यो प्रमाण पत्र हराएमा समुहको निर्णय अनुसार माग गरेमा रु ........... जरिवाना लिई प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

५. अन्य कुराको हकमा समुहको विधान र प्रचलित ऐन अनुसार हुनेछ ।

## अनुसूची-१
### दफा ६ (१) सँग सम्वन्धित
### कृषक समूह विधान

कृषक समूहको विधान (नमूना) प्रस्तावना कृषिजन्य/पशुजन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन, उत्पादन सामाग्री सुलभ बनाउन, उत्पादित सामग्रीको विक्री वितरण, भण्डारण व्यवस्थापन गरी उन्नत वीउ एवम् आयबृद्धि, बचत सङ्कलनबाट आत्मनिर्भर हुनका लागि कृषि/पशु शाखा अर्जुनचौपारी गाउँपालिका, गाउँ कार्यपालिकाको सहयोग श्री ................................. कृषक समूह गठन गर्‍यौं ।

१. **प्रारम्भिक :**

१.१ **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस समूहको नाम "श्री ................................................. कृषक समूह, २०७....." रहने छ ।

ख) यो विधान समूह अर्जुनचौपारी गाउँपालिकाको आर्थिक विकास शाखा अन्तर्गत पशु/कृषि हेर्ने शाखामा दर्ता भएपछि तुरुन्त लागु हुने छ ।

१.२ **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यो विधानमा:

क) "समूह" भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्वारा कृषि/पशुजन्य उपजको उत्पादन, उत्पादकत्व बढाई आय आर्जन गर्न इच्छुक कृषकहरुको समूहलाई जनाउने छ ।

ख) "सदस्य" भन्नाले कृषक जो ................. कृषक समूहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको हुन्छ ।

ग) "कार्य समिति" भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

घ) "साधारण सभा" भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउने छ ।

१.३ **समूहको छाप** : गोलो घोराभित्र यस समूहको नाम "श्री ........................................ कृषक समूह, २०७५" रहनेछ ।

१.४ **समूहको कार्यालय** : यस समूहको कार्यालय स्याङ्जा जिल्ला अर्जुनचौपारी गाउँपालिकावडा नं. ..... मा रहनेछ ।

१.५ **समूहको दर्ता** : कृषक समूह सम्बन्धित अर्जुनचौपारी गाउँपालिकाको आर्थिक विकास महाशाखा अन्तर्गत कृषि/पशु क्षेत्र हेर्ने शाखामा दर्ता गर्नु पर्नेछ । साथै अनिवार्य रुपमा आन्तरिक राजस्व कार्यालयमा समेत दर्ता गरी स्थायी लेखा नम्बर (PAN) लिनु पर्नेछ ।

२. **उद्देश्य र कार्य :**

२.१ **उद्देश्य** : सदस्यहरुको सामाजिक, आर्थिक, कृषिजन्य व्यवसायिक हितलाई ध्यानमा राखी देहायमा उल्लेखित समूहको उद्देश्य हुनेछ :

क) कृषि व्यवसायलाई आधुनिकीकरण एवम् विविधिकरण गरी उत्पादकत्व, उत्पादन बृद्धिका लागि एकजुट भई काम गर्ने ।

ख) सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने ।

ग) सदस्यहरुमा स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना जागृत गराउने (घ) पशु/मत्स्य पालन व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण तर्फ अगाडि बढाउने ।

**२.२ कार्य** : समूहको विधान दफा २.१ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमोजिम कार्यहरु गर्नेछ :

१. उन्नत प्रविधिबाट खेती तथा पशुपालन गरी उत्पादन एवमउत्पादकत्व बढाउने,
२. विज बृद्धि गरी आत्म निर्भर हुने,
३. उन्नत प्रविधि अपनाउने,
४. कृषि उत्पादनबाट आय बृद्धि गर्ने,
५. समूहबाट बजार व्यवस्थापन गर्ने,
६. कृषकद्वारा उत्पादित वस्तुको मूल्यमा एक रुपता ल्याउने,
७. भण्डारणको व्यवस्था,
८. सदस्यहरुको सीपमा बृद्धि गर्नका लागि अन्य कार्यक्रमहरु तर्जुमा गरी सञ्चालित गर्ने,
९. गोठ देखि ओठ सम्म स्वच्छ उत्पादन पुऱ्याउने,
१०. सदस्यको आर्थिक अवस्था सुधार गर्न सके किसिमका अन्य क्रियाकलाप सञ्चालन गर्ने,
११. सदस्यहरु बीच स्वावलम्वन, पारस्परिक सहयोग एवम् मितव्ययीता अभिबृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्द्धन गर्ने,
१२. समूह सदस्यहरुमा उत्पादनशील आयमुलक एवम्सिपमूलक उद्देश्यका लागि सदस्यहरुलाई सुलभ व्याजदरमा ऋण प्रदान गर्ने,
१३. आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय क्षेत्र, राष्ट्रिय र अर्न्तराष्ट्रिय संघ संस्थाहरुसँग सहयोगात्मक भावना राख्ने,
१४. कृषि सँग सम्बन्धित अन्य कृषक समूह, सहकारी, वित्तीय संघ संस्थाहरुसँग सम्पर्क कायम गरि जानकारी एवमसूचना आदान प्रदान गर्ने,
१५. यस क्षेत्र/भेगका कृषकहरुद्वारा उठाइएको समस्याहरु अर्जुनचौपारी गाउँपालिकाको कृषि/पशु शाखामा जानकारी उपलब्ध गराई समाधान निकाल्ने प्रयास गर्ने,
१६. उन्नत वीउ, रासायनिक मल, सुधारिएको औजार, किटनाशक विषादी, उन्नत घाँसको वीउ, सेट्स आदि विक्री वितरण गर्ने,
१७. सिंचाई सुविधा उपलब्ध गराउने,
१८. खेती विकास योजना तयार गर्न एवम्पकेट प्याकेज कार्यक्रमलाई सहयोग पुऱ्याउने,
१९. सघन कृषि विकास कार्यक्रमलाई सघाउ पुऱ्याउने,
२०. नगदे बाली उत्पादन, पशुजन्य उत्पादन, भण्डारण, प्रशोधन तथा विक्रि वितरणको व्यवस्था मिलाउने,
२१. उन्नत भुरा उत्पादन तथा विक्रि वितरण गर्ने,
२२. माछा उत्पादन एवम्उत्पादकत्व बढाउने,
२३. उत्पादित माछाहरुको विक्री वितरणका लागि बजार व्यवस्थापन गर्ने,
२४. मत्स्य पालन सम्बन्धी प्राविधिक सेवा पुऱ्याउन सहयोग गर्ने,
२५. कृषि उपज उचित मूल्यमा खरिद विक्री तथा ढुवानी गर्ने,
२६. कृषि उपज भण्डारण गर्न गोदामको सुविधा उपलब्ध गराउने,
२७. कृषि उपज प्रशोधन गर्ने एवम्उचित मूल्यमा विक्री गर्ने,
२८. प्रशोधन वस्तुको उचित मूल्यमा विक्री गर्ने,
२९. सङ्कलित बचत/हितकोषको संकलन, प्रभावकारी परिचालन गर्ने,

३०. घाँस तथा घाँस वीउको उत्पादन एवम्विक्री वितरण गर्ने,
३१. मासुमा आत्म निर्भर कार्यक्रम गर्ने,
३२. प्रजननयोग्य पशु विक्री वितरण गर्ने,
३३. कृषिमा नयाँबाली/जात तथा वनस्पतीको खोज अनुसन्धानात्मक कृयाकलाप गर्ने,
३४. पशुजन्य पदार्थको उत्पादन एवम्उत्पादकत्व बृद्धि गर्ने,
३५. समूह वा सदस्यलाई आवश्यक ऋण उपलब्ध गराउने,
३६. माथि उल्लेखित उद्देश्यहरु पूर्ति गर्न अन्य आवश्यक कार्यहरु गर्ने ।

३. **सदस्यता** : एकै उद्देश्य एवम्समान आर्थिक अवस्था भएको एवम्यस समूहको विधानको परिधिभित्र रहने इच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ । तर सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूहका सदस्यहरुको लिखित सिफारिस साथ अनुसूची-४ अनुसार दर्खास्त दिनु पर्नेछ ।

३.१ **सदस्यको लागि योग्यता** :

क) आफै खेतीपाती/पशुपालन गरेको/गर्न सक्षम भएको ।
ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न मन्जुरी भएको ।
ग) कृषक-कृषक बीच आपसी सहयोग बढाउन ईच्छुक भएको ।
घ) नेपाली नागरिक र १८ वर्ष उमेर पुरा गरेको हुनु पर्नेछ ।

३.२ **साधारण सदस्य** : सदस्यता शुल्क रु. ........... तिरी साधारण सदस्यताको लागि निवेदन दिई कार्य समितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्ने छ । यस्तो सदस्यले मासिक बचत रु. ........... प्रत्येक महिना जम्मा गर्नु पर्नेछ ।
समूह गठन भईसकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त मितिसम्म सञ्चित हितकोष र सोको व्याज साथै नियमानुसारका अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

३.३ **सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)** : कार्यसमितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहऱ्याई सदस्यता समाप्त गर्न सक्नेछ ।

क) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकमहरु ३ महिना सम्म नतिरेमा ।
ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निस्काशन गरेमा ।
ग) सदस्यताबाट राजिनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर सिफारिस गरेमा) ।
घ) नैतिक पतन देखिनेफौजदारी अपराध गरेको प्रमाणित भएमा ।
ङ) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा ।
च) सदस्यको मृत्यु भएमा ।
छ) समूहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आँच आउने कार्य गरेमा ।
ज) मानसिक अवस्था ठिक नभएमा ।

४. **साधारण सभा तथा कार्य समिति :**

४.१ साधारण सभा : यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाकोसदस्य हुनेछन्। जुन समूहको उच्चतम्निकाय हुनेछ । यसले विधान पारित एवमसंशोधन गर्न सक्नेछ । साधारण सभा वर्षमा एक पटक बस्ने छ । तर आवश्यकता अनुसार जुनसुकै वेला साधारण सभा बोलाउन सकिने छ ।

४.२ **साधारण सभाको अधिवेशन :** कार्य समितिले तोकको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिंइ लिखित सूचनाद्वारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा एजेण्डाको जानकारी गराउनु पर्नेछ ।

४.३ **साधारण सभाको काम कर्तव्य र अधिकार :**

क) कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।
ख) विधान संशोधन गर्ने ।
ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।
घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।
ङ) समूहको वार्षिक कार्य योजना बनाउने ।
च) समूहले कार्य योजना बनाउँदा कम्तिमा ७० प्रतिशत कृषि कार्यक्रम बनाउने ।

४.४ **साधारण सभाको गणपूरक संख्या :** समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुनु पर्नेछ । यदि सो नभए फेरी ३ दिनभित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

४.५ **कार्य समिति गठन विधि :**

क) कार्य समिति ७ सदस्यीय हुनेछ ।
ख) कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु हुनेछन् । आवश्यकता अनुसार उपाध्यक्ष तथा सह-सचिवको पनि व्यवस्था गर्न सकिने छ ।
ग) कार्य समितिका पदाधिकारीहरुको बैठक हरेक महिनाको ……… गते/दिन हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्ने सक्ने छ ।
घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ ।
ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सकिनेछ ।
च) कार्य समितिको गणपुरक संख्या २/३ लाई मानिने छ । बहुमतद्वारा निर्णय हुनेछ ।
छ) साधारण सभाका सदस्यहरुले आफु मध्येबाट निर्वाचन प्रकृयाद्वारा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्य समिति गठन गर्नेछ । तर अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य रुपमा हुनु पर्दछ ।

४.६ **कार्य समितिको काम, कर्तव्य र अधिकार :**

क) विधानको परिधिभित्र रही समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको नीति निर्देशनलाई पालन गर्ने ।
ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु सञ्चालन गर्ने ।

ग) सहकारी तथा गैर सहकारी संस्थाहरुसँग सम्पर्क बृद्धि गर्ने तथा कृषि सम्बन्धि अन्य संघ संस्थाहरुसँग सम्पर्क गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।
घ) सहकारीमा जाने प्रयास गर्ने ।
ङ) समूहको कार्य योजना बनाई लागु गर्ने ।
च) समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

४.७ **समूहको वैठक** : समूहको नियमित बैठक प्रत्येक महिनाको ...... गते बस्ने छ । समूह बैठकहरु कार्य समितिले निधो गरेको स्थान, मिति र समयमा नियमित रुपमा बस्ने छ । पुर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सोको जानकारी कारण सहित पहिले नै दिनु पर्नेछ । विशेष परिस्थिति बाहेक लगातार तीन बैठकहरुमा उपस्थित नहुने सदस्यलाई समूह सहमतिको आधारमा निष्कासित गरिनेछ ।

**५. पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

**५.१ अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) आवश्यकता अनुसार समूहको बैठक र साधारण सभा बोलाउने ।
ख) बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
ग) समूहलाई क्रियाशिल गराउने र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।
घ) कुनै विषयमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।
ङ) विधानमा तोकिए अनुसार साधारण सदस्यले माँग गरे अनुरुप विशेष साधारण सभा बोलाउने ।
च) समूहले तोकेको काम कारवाही गर्ने ।
छ) समूहमा उठेका विवादहरु समाधान गर्ने ।
ज) समूह र स्थानीय तहको सम्बन्धित निकायहरुसँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।
झ) समूहको निर्णय, कार्यक्रम र कृयाकलाप, भएका कारवाहीहरु एवम्‌समस्याहरुको अभिलेख राख्न सचिवलाई सहजीकरण गर्ने ।
ञ) वार्षिक कार्यायोजनाको कार्यान्वियन एवम्‌समूह परिचालनको नेतृत्व लिने ।
ट) समूह बैठकमा भएका निर्णय, वार्षिक साधारण सभाका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरु प्रमाणित गर्ने र आवश्यकता अनुसार सम्बन्धित निकायमा पेश गर्ने ।
ठ) समूह सदस्यहरुलाई आफना समस्याहरुको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउनु र साथै उक्त समस्याहरु समाधान गर्न कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने ।
ड) सदस्यहरुलाई कृयाशिल गराई समन्वय र सहकार्य गर्ने ।
ढ) समूह सदस्यहरुबीच मतभेद व्यवस्थापनका लागि सहजीकरण गर्ने ।

**५.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको कार्यमा सहयोग गर्ने ।
ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्ष गर्ने सवै कार्य गर्ने ।
ग) कार्य समितिले तोकेको कार्य गर्ने ।

५.३ **सचिवको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षसँगको परामर्शमा बैठक बोलाउने ।

ख) बैठकको तयारी गर्ने ।

ग) समूहको निर्णय पुस्तिका तयार गर्ने ।

घ) समूहको सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने ।

ङ) समूह बैठक एवम्साधारण सभाबाट पारित निर्णयको कार्यान्वयनका लागि पहल गर्ने ।

च) वार्षिक प्रतिवेदन तयार पारी साधारण सभामा पेश गर्ने ।

छ) समूहको कार्ययोजना निर्माणमा सहयोग गर्ने ।

ज) कार्य समितिले तोकेको कार्य गर्ने ।

५.४ **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) समूहको हितकोष रकम नियमित उठाउने र फरफारक गर्ने ।

ख) समूह हितकोष व्यवस्थापन गर्ने ।

ग) समूहको सबै कोषको हिसाव किताव सुरक्षित र दुरुस्त राख्ने ।

घ) समूहको चल, अचल सम्पूर्ण सम्पतिको सुरक्षाको जिम्मेवारी लिने ।

ङ) समूहको वार्षिक बजेट तयार पार्ने र साधारण सभामा वार्षिक प्रतिवेदन पेश गर्ने एवं लेखापरिक्षण गराउने ।

च) समूह अध्यक्ष वा सचिवसँग मिलि खाता सञ्चालन गर्ने ।

छ) कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

५.५ **कार्य समिति सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) आवश्यकता अनुसार समूहका अन्य उपसमितिमा रही जिम्मेवारी वहन गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

६. **आर्थिक व्यवस्थाः**

६.१ **आर्थिक श्रोत :**

क) यस समूहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क

ख) समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी

ग) समूहको सदस्यले बचत गर्ने मासिक रकम

घ) समूहबाट ऋण लगानी गर्दा प्राप्त ब्याज

ङ) समूहले अन्य संघ/संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट ...... प्रतिशत लेबी

च) समूह सदस्यले आफ्नो नामबाट गरेको बचत

छ) विलम्व शुल्कबाट

६.२ **हितकोष :**

क) श्री ................................................ कृषक समूहको एक हितकोष हुने छ ।

ख) श्री ................................................ बैंकमा समूहको खाता रहने छ ।

६.३ **हितकोष परिचालन :**

क) हितकोष रकमको कम्तिमा ५० प्रतिशत कृषि कार्यमा सञ्चालन गर्नु पर्नेछ ।

ख) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन सक्नेछन्।
ग) सदस्यले ऋण माग गर्न अनुसूची-५ अनुसार निवेदन दिनु पर्नेछ ।
घ) कृषि कार्यका लागि लिइएको ऋणमा ............. प्रतिशत मासिक व्याज लाग्ने छ ।
ङ) अन्य ऋणमा ........ प्रतिशत मासिक व्याज लाग्ने छ ।
च) मासिक व्याज, मासिक बचत रकम एवम्ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ ।
छ) ऋण लिंदा ऋण रकमको ........... प्रतिशत ~~सेवा शुल्क~~ व्यवस्थापन खर्च बुझाउनु पर्नेछ ।
ज) .............................. बैंकमा समूह अगुवा/अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । श्रोत/हितकोष परिचालनका उपायहरुलाई मुख्यतया दुई वर्ग (आवश्यक खर्च र आन्तरिक लगानी) मा विभाजन गर्न सकिन्छ ।

**क) आवश्यक खर्च** : आवश्यक खर्च भन्नाले कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउँदछ ।

- कार्यालय खर्च (कपी, कलम, स्टिच, बिल, भौचर, फाइल, रजिष्टर, खाता, पत्रपत्रिका)
- फर्निचर खर्च
- ढुवानी तथा घर भाडा
- अन्य संस्थासँग सदस्यता लिँदा तिर्नुपर्ने खर्च र वार्षिक नवीकरण खर्च
- लेखा परीक्षण खर्च
- कर्मचारी पारि
- श्रमिक खर्च साधारण सभा खर्च
- विविध (समूहको बैठकमा चिया नास्ता आदि) ।

**ख) आन्तरिक लगानी** : आन्तरिक लगानी भन्नाले समूह भित्रको सदस्य बीचको लगानी भन्ने जनाउँदछ । जस्तै :

- उत्पादनमूलक कार्य (उत्पादन तथा उत्पादन सामग्री खरिद बिक्री)
- मल, वीउ, बाली संरक्षण, तरकारी वोट विरुवा किन्न र प्रयोग गर्न
- आयमुलक कार्य गर्न (बाख्रा, बंगुरपालन आदि) ।
- घरेलु आयमुलक कार्य गर्ने (स्थानीय सिप, रेशम पालन, सिलाई बुनाई, माहुरी पालन, तरकारी,
- खेती, करेसाबारी आदि) सामाजिक कार्य जस्तै सर्फाइ अभियान, पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो निर्माण, स्वास्थ्य,
- वातावरण संरक्षण आदि । सिप विकास जस्तै प्याकिङ्ग, नर्सरी, तालिम
- बौद्धिक कार्य जस्तै तालिम, प्रवचन, भ्रमण गोष्ठी आदि
- सामाजिक कार्य जस्तै महिला विकास
- पूँजी लगानी, कर्जा प्रवाह, शेयर खरिद आदि ।

**६.४ विलम्व शुल्क** :

क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रतिदिन रु. ..... विलम्व शुल्क लाग्नेछ ।

ख) दोश्रो महिना प्रति दिन रु..... विलम्व शुल्क लाग्ने छ ।

ग) तेश्रो महिना प्रति दिन रु. ........

घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।

ङ) प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र व्याज नबुझाएमा प्रति महिना रु. ...... प्रति दिन दोश्रो महिना रु. ..... प्रति दिन र तेश्रो महिना रु. ..... प्रति दिन विलम्व शुल्क लाग्ने छ । चौथो महिनामा ऋण रकम व्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।

च) एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुनः जमानी बस्ने छैन ।

छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋण तिरिसकेपछि जमानी सदस्यले ऋण पाउन सक्नेछ ।

ज) ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाउने छैन ।

झ) ऋण लिनका लागि .... सम्म एक सदस्यको जमानी रु....... सम्म दुई सदस्य र रु...... सम्म तिन सदस्यको जमानी चाहिनेछ ।

६.५ **लगानीको सुरक्षण** : कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम ९० प्रतिशत सम्म मात्र ऋण लिन पाउने छ । यदि व्यक्तिको नाममा संकलित हितकोषको ९० प्रतिशत भन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समूहका अन्य २ जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिने छ । ऋण लिने व्यक्तिले तिर्नुपर्ने साँवा र व्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्यमार्फत असुल उपर गरिनेछ । यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचलित नियमानुसार कारवाही प्रक्रिया अगाडि बढाईनेछ । ऋण लगानी एवम्असुल उपर गर्न ऋण उप-समितिको स्वीकृति लिनुपर्ने छ । ऋण उपसमितिका सदस्यहरु कोही पनि जमानी बस्न पाइने छैन ।

६.६ **लेखापरीक्षण** : प्रत्येक समूहले रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण अनिवार्य रुपमा गराउनु पर्दछ । यसरी गरीएको लेखा परीक्षणहरु वार्षिक साधारण सभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नु पर्दछ । मुनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक वर्षको लेखा परीक्षण पछि निजहरुको हिसाव खातामा जम्मा गर्नु पर्दछ ।

७ **विविध** :

७.१ **निर्वाचन सम्बन्धी व्यवस्था** : यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकलेनिर्वाचन अधिकृत नियुक्त गर्नेछ । सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा पर्ने खर्च कार्य समितिले व्यवस्था गर्ने छ । यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्वारा साधारण सभाको सदस्यहरुले छान्ने छन्।

७.२ **पदावधि** :

क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुने छ ।

ख) सो गठित कार्य समितिको पदावधि समाप्त हुनु भन्दा १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

ग) कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुनु भन्दा १ महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समितिको सदस्यहरुको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्वारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिको गठन गर्ने छ ।

घ) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मामा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव भए सोलाई बुझाई सोको भरपाई लिनु पर्नेछ । सो नगरेमा यस समूहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका पदाधिकारीहरुले संयुक्त रुपमा व्यहोर्नु पर्नेछ ।

७.३ **उम्मेदवारको अयोग्यता** :

क) (व्यक्ति) जो कृष पेशामा संलग्न छैन ।

ख) (व्यक्ति) जो कृषिको समूहमा छैन ।

ग) (व्यक्ति) जसले समूहको उद्देश्य विपरित कार्य गर्दछ ।

घ) (व्यक्ति) जसको मानसिक अवस्था समान्य छैन ।

ङ) फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

७.४ **अविश्वासको प्रस्ताव** : साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुने छ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

७.५ **राजीनामा** : यस समूहको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन्। कार्य समितिको बैठकबाट स्वीकृत नभए सम्म तिनीहरु आफ्नो पदमा बहाली रही रहने छन्।

७.६ **विधान संशोधन** : समूहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गरिने छ । सदस्यहरु मध्येका उपस्थिति सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिने छ । साथै संशोधित विधान स्थानीय तहको कृषि/पशु क्षेत्र हेर्ने शाखाबाट अनुमोदित नभएसम्म संशोधन भएको मानिने छैन ।

७.७ **नियम बनाउने** : साधारण सभाले आन्तरिक सञ्चालन नियमहरु बनाउन सक्नेछ ।

७.८ **उपसमितिहरु गठन गर्न सक्नेछ** : साधारण सभाले एवम् कार्य समितिले साधारण सभाको स्वीकृति लिइ आफ्ना कार्यक्रमहरु सञ्चालन गरी समूहको लक्ष्य र उद्देश्य प्राप्त गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

७.९ **विघटन** : समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए वा २ वर्षसम्म समूह नविकरण नभएमा समूह विघटन हुने छ । यसरी समूह विघट भए बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नु पर्नेछ ।

७.१० **समूह छोड्नु पर्ने अवस्था/सदस्यको मृत्यु/सदस्यले पाएको अवसर** : कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा सङ्कलन भएको हितकोष रकमबाट ३ प्रतिशत कट्टा गरी बाँकी रकम भुक्तानी दिईनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सवैभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता दिइने छ । समूहले कुनै पनि संघ/संस्था/कार्यालयबाट पाएको कुनै पनि अवसर सामग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालैपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

७.११ **समूहको चल अचल सम्पत्ति** : समूह विघटन भए पश्चात समूहको चल अचल सम्पत्ति स्थानीय तहको आर्थिक विकास महाशाखा अन्तर्गत कृषि/पशु क्षेत्र हेर्ने शाखाको निर्णय बमोजिम हुनेछ । उक्त निर्णय चित्त नबुझेको खण्डमा स्थानीय तहको उपमेयर समक्ष निवेदन गर्न सकिनेछ र सो सन्दर्भमा उपमेयरको निर्णय नै अन्तिम हुनेछ ।

## अनुसूची- ५

## सदस्यताको लागि आवेदन फारामको नमुना

श्रीमान् अध्यज्यू,
.......................................... कृषक समुह,

**विषय :- सदस्यको लागि आवेदन सम्वन्धमा ।**

महोदय,

म यस समुहको विधानलाई स्वीकार गरी समुहको सदस्यता प्राप्त गर्न इच्छा भएकोले नियमनुसार सदस्यता प्रदान गर्नु हुन विनम्र अनुरोध गर्दछु ।

**विवरण**

नाम :

बाबुको नाम :

ठेगाना :

शैक्षिक योग्यता :

कृषि पेशमा दखल :

पशुपन्धी/खेती/जग्गाको विवरण :

लगाउने गरेको बालीहरु :

गर्ने गरेको पशुपालन :

समुहको सदस्यहरुको सिफारिस :

१. नाम :

दस्तखत :

२. नाम :

दस्तखत :

निवेदक

नाम : ..................................................

दस्तखत

अन्तर्चौपारी गाउँपालिका कृषक समूह गठन तथा परिचालन निर्देशिका